## अर्जुनधारा नगरपालिकाको नगर सभाको पन्ध्रौं नियमित अधिवेशनमा उप प्रमुख तथा बजेट ततथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री खड्गमाया पराजुलीज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

सभाध्यक्ष ज्यू

१. अर्जुनधारा नगरपालिकाको यस गरिमामय नगर सभाको पन्ध्रौं नियमित अधिवेशनमा आर्थिक वर्ष २०८१/८२ को लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

२. यस महत्वपूर्ण घडीमा सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हीत र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज वीर पुर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जीवन बिताई रहनु हुने योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

३. संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाति, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जीवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूति गर्ने गरी दीगो, सकारात्मक, गुणस्तरीय र समन्यायिक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ । यसका लागि तीन वटै तहमा आ-आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडि वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

### चालु आर्थिक वर्षको समिक्षा

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको संक्षेपमा समिक्षा गर्न चाहन्छु ।

४. चालु आर्थिक वर्षका लागि हामिले रु ८९ करोड ४४ लाख ७० हजार बराबरको संशोधन सहित बजेट स्वीकृत गरिएकोमा व्यय तर्फ २०८० ज्येष्ठ मसान्त सम्म पुँजिगत तर्फ ६०.४६ प्रतिशत र चालु तर्फ ७९.७५ प्रतिशत र वित्तीय तर्फ शत प्रतशित खर्च भई समग्रमा ७२ प्रतिशत खर्च भई सकेको छ ।

५. चालु आर्थिक वर्षमा नेपाल सरकारबाट समानिकरण अनुदान बापत प्राप्त हुने अनुमान गरिएको आय मध्ये करिब ४ करोड ३० लाख हालसम्म निकासा नभएको हुनाले स्वीकृत आयोजना तथा कार्यक्रमहरुको भुक्तानीमा समस्या भई अर्को आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने अवस्था रहेको छ ।

६. चालु आर्थिक वर्षमा हामीले नगरपालिकामा महत्वपूर्ण योजना तथा कार्यक्रमहरु सञ्चालन गरेका छौं ।यही अवधिमा हामिले ९ किलोमिटर सडक कालोपत्रे, २५ किलोमिटर सडक स्तरोन्नति, ३.५ किलोमिटर

सडकमा पेवर्स लगाउने कार्य सम्पन्न गरेका छौं ।साथै, १४ किलोमिटर क्षेत्रमा विद्युत सेवा विस्तार, १७३ थान ह्युमपाइप जडान, ४ किलोमिटर नाला निर्माण, १४ वटा पुल कल्भर्ट निर्माण, ४२ वटा सिँचाई पैनी मर्मत, ५ किलोमिटर खानेपानी पाइपलाइन विस्तार, १ किलोमिटर तटबन्धन, ५ वटा विद्यालयहरुमा भवन तथा अन्य भौतिक संरचना निर्माण, ३६ जना विपन्न नागरिकककाे छाना फेर्ने कार्यक्रम, २३ वटा सामुदायिक भवन, गुम्बा, मन्दिर, चर्च आदिको मर्मत तथा स्तरोन्नति गरिएको छ, शनिश्चरे बजारमा सुविधायुक्त सार्वजनिक शौचालय निर्माण गरेका छौं ।यस्तै नगर गौरवको आयोजना अन्तर्गत वडा नं ८ मा पर्ने शनिश्चरे बजार सौन्दर्यिकरण कार्यक्रम सञ्चालन तथा नगरस्तरीय बहुउद्देश्यीय कभर्ड हल निर्माण गरिएको छ । इ.पि.सि. नेपालको सहयोगमा नगरपालिकाबाट ६ हजार भन्दा धेरै सुधारिएको चुलो वितरण गरिएको छ ।

७. यही अवधिमा हामिले केही महत्वपूर्ण दीर्घकालिन महत्वका नगर गौरवका आयोजनाहरु सुरु गरेका छौं ।नगर प्रमुख विपन्न आवाश निर्माण कार्यक्रम अन्तर्गत ५० जना विपन्न नागरिकहरुका लागि आधारभुत सुविधासम्पन्न आवाश निर्माणको कार्य प्रक्रियामा रहेको छ ।कोशी प्रदेशकै नमुना पशु अस्पताल निर्माण गर्ने उद्देश्य सहित हालको पशुपंक्षी विकास शाखा रहेको वडा नं ९ को कटहरडाँडामा नमुना पशु अस्पताल निर्माणको कार्य समेत भईरहेको छ ।वडा नं १ को मदनपुरमा प्रदेश सरकार तथा छिमेकी पालिकाहरु विर्तामोड नगरपालिका, कनकाई नगरपालिका बुद्धशान्ती गाउँपलिकाको लागत साझेदारीमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र निर्माण भईरहेको छ ।

८. यसै गरी, बाँसको कच्चा पदार्थबाट बाँसको फर्निचर बनाउने सम्बन्धि तालिम,ए.सि.तथा फ्रिज मर्मत सम्बन्धी एडभान्स्ड तालिम,गरिबन्धु चिया मजदुरलाई ब्युटी पार्लर सम्बन्धी एडभान्स्ड तालिम,लोकसेवा आयोग तयारी कक्षा संचालन,भगत सर्वजित सीप विकास तथा सचेतनामुलक कार्यक्रम,दलित समुदायको सीप तथा पेशाको संरक्षण संबर्द्धन तथा पुस्तान्तरण कार्यक्रम,लागु पदार्थ दुर्व्यसनी न्युनिकरण कार्यक्रम,विपन्न युवा दलित युवा आदिवासी जनजाति युवा लक्षित थ्रिडि फ्लोरिङ तथा टायल्स मार्वल फिटिङ कार्यक्रमबाट सीप विकास तर्फ २०० भन्दा बढीलाई सीप विकास तालिम र क्षमता विकास तर्फ करिब ६०० जनालाई क्षमता विकास तालिम दिइएको छ।

९. बाँसको कच्चापदार्थबाट बाँसको फर्निचर बनाउने सम्बन्धि तालिमबाट घरेलु कच्चा पदार्थको प्रयोग गरी घरायसी रुपमा प्रयोग हुने बाँसको आधुनिक फर्निचर बनाउन प्रशिक्षार्थीहरुलाई सक्षम बनाइएको छ ।ए.सी.तथा फ्रिज मर्मत तालिम तथा ब्युटि पार्लर सम्बन्धि तालिमबाट सहभागिहरु स्वरोजगार भएका छन् भने थ्रिडि फ्लोरिङ, टायल्स तथा मार्बल फिटिङ सम्बन्धि तालिम र लोकसेवा आयोग तयारी कक्षा तालिमबाट सहभागिहरुलाई विषयबस्तु प्रतिको सैद्धान्तिक तथा आधारभुत ज्ञान दिलाइ उक्त सीप तथा क्षमताको निरन्तर विकासका लागि उत्प्रेरणा तथा सहि मार्गदर्शन प्रदान गरिएको छ ।

१०. नगरपालिकाले नगरवासीको स्वास्थ्य सेवालाई उच्चतम प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आएको छ ।शनिश्चरे अस्पतालमा नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम अन्तर्गत सिजरियन सेक्सनद्वारा प्रसुती सेवा सञ्चालनका लागि अनुमति प्राप्त भई स्त्री तथा प्रशुती रोग विशेषज्ञद्वारा नियमित उपचार सेवा सञ्चालनको अवस्थामा पुगिएको छ ।शनिश्चरे अस्पताललाई यस क्षेत्रकै नमुना अस्पताल बनाउन विभिन्न विशेषज्ञ सेवाहरु थप गरी सञ्चालनमा ल्याइएको छ, अस्पतालमा रेविज रोगविरुद्धको खोप नियमित रुपले प्राप्त गर्न सकिने व्यवस्था

मिलाइएको छ, स्वास्थ्य विमा कार्यक्रम निरन्तर रुपमा सञ्चालनमा रहेको छ । अस्पतालप्रति नगरवाशीको विश्वास बढ्दै गएको छ चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म ७० हजार भन्दा बढिले स्वास्थ्य सुविधा लिएका छन् ।नगरपालिकाको कार्डिएक डायबेटिक कार्यक्रम मार्फत ११ वटै वडामा कार्डियाक डायबटिक क्लिनिक सञ्चालन गरी ८०० भन्दा बढी बिरामीहरुलाई वडामै सेवा उपलब्ध गराइएको छ ।

११. शनिश्चरे आयुर्वेद औषधालयमा सञ्चालनमा रहेको पूर्वकर्म तथा पञ्चकर्म सेवा प्रति नगरवासीको विश्वास तथा आकर्षण बढ्दै गइरहेको छ ।चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा छिमेकी पालिकाहरु माइ नगरपालिका, रोङ्ग गाउँपालिका, बुद्धशान्ती गाउँपालिका,कनकाइ नगरपालिका, मेचिनगर नगरपालिका लगायत यस नगरपालिकाका ९००० जना भन्दा बढीले उक्त सेवा लिइसक्नु भएको छ ।यसैगरी आयुर्वेद सेवालाई गाउँवस्तीमा विस्तार गर्ने नीति अनुरुप वडा नं ३ र वडा नं ११ मा सञ्चालित गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमबाट १६०० जना भन्दा बढी नागरिकले सेवा प्राप्त गर्नु भएको छ ।हाम्रो विलासी जीवनशैलीका कारण उत्पन्न भएका असरहरुको न्यूनिकरण तथा जनचेतना जगाउने उद्देश्यले सबै वडामा वडास्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

१२. कृषि विकास शाखा मार्फत चालु आर्थिक वर्षमा मौरी प्रवर्द्धन, खाद्यबाली उत्पादन, व्यवसायिक तरबारी खेती, जैविक प्राङ्गरिक मल उत्पादन लगायतका सिपमुलक तालिमहरु मार्फत नगरपालिकाका २०० भन्दा बढी कृषकहरुलाई अभिमुखिकरण गरिएको छ । चालु आर्थिक वर्षमा पैनी मर्मत, इनार बोरिङ्ग, स्यालो ट्युबवेल मार्फत ३५५ विगाहा सिञ्चित क्षेत्र विस्तार गरिएको छ ।किसान सुचिकरण कार्यक्रम मार्फत ३००० नयाँ घरधुरी कृषकहरुको तथ्यांक संकलन गरिएको छ ।नगरपालिकाका ३०० ठाउँको नमुना माटो संकलन गरी माटो परीक्षण गरिएको छ ।बाली संरक्षण सेवा मार्फत बालीमा लागेका रोग किरा नियन्त्रणका लागि ३०० भन्दा बढी कृषकहरुलाई सेवा प्राविधिक परामर्श उपलब्ध गराई निःशुल्क विषादी उपलब्ध गराइएको छ ।यसै बर्ष, नगरपालिकाको चैते धानको विजवृद्धि कार्यक्रम मार्फत चैते धानको विउमा आत्मनिर्भर बनाइएको छ ।नेपाल कृषि बजार विकास कार्यक्रमको सहयोगमा नगरपालिकाको कृषि डिजिटलाइजेशन सफ्टवेयरमा नगरपालिकाका १ हजार भन्दा बढी कृषकहरुको विवरण प्रविष्टी गरी प्रयोगकर्ता आइडी बनाईएको छ ।नगरपालिकाको मकै पकेट, मकैबाली प्रवर्द्धन तथा धान प्रवर्द्धन कार्यक्रम मार्फत मकै तथा धानको उत्पादनमा वृद्धि गरिएको छ ।

१३. पशुपंक्षी तथा मत्स्य विकास शाखा मार्फत चालु आर्थिक वर्षमा दुग्ध कृषक समूह तथा सहकारीहरुलाई लागत साझेदारीमा ४ वटा चिलिङ्ग भ्याट, ४ वटा जेनेरेटर, कोल्डस्टोर लगायतका सामाग्री उपलब्ध गराइएको छ जसले दुग्धजन्य पदार्थको संकलन, भण्डारण तथा प्रशोधन र बजार व्यवस्थापन कार्यमा सघाउ पुर्याउँदै कृषकहरुको आयस्तर वृद्धि तथा रोजगारीको सृजना गरेको छ ।लम्पी, स्किन डिजिज, खोरेत, पिपिआर लगायतका पशुपंक्षीजन्य महामारी रोगको नियन्त्रणका लागि सबै वडाका पशुपंक्षीहरुलाई खोपको व्यवस्था गरी पशुधनको सुरक्षा गरिएको छ ।कृषकका गाइवस्तुहरुको गोबर तथा दुध परीक्षण गरी निःशुल्क रुपमा जुकानाम्ले जुम्रा किर्ना थुनेलो रोगको रोकथामका लागि औषधि उपलब्ध गराइएको छ ।घुम्ति शिविर मार्फत विभिन्न वडाका दुर्गम क्षेत्रमा गई पशु उपचार सम्बन्धि सेवा उपलब्ध गराइएको छ ।नगरपालिकाकै प्रवर्द्धनमा अर्जुनधारा ब्रान्डको दुग्धजन्य पदार्थको उत्पादन तथा बजारिकरण गरिएको छ ।सुखानी शहिद पार्क, नमुना सामुदायिक

वन वडा नं ९ मा कृषि तथा पशुपंक्षी जन्य पदार्थको विक्री वितरणका लागि कोशेली घरको स्थापना गरिएको छ ।

१४. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार भई सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बढ्दै गएको छ ।विद्यालयमा बालबालिकाको टिकाउदर बढाउनका लागि नगरपालिकाले थप दिवाखाजा उपलब्ध गराइएको छ ।विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन एवं शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षकहरुलाई श्रोत साधन तथा तालिमको व्यवस्था गरिएको छ, १५० जना भन्दा बढी शिक्षकहरुलाई पाठ्यक्रम प्रवोधिकरण, एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, सूचना प्रविधि, मन्टेश्वरी लगायतका तालिम दिइएको छ ।प्रत्येक बालबालिकालाई विद्यालयको पहुँचको सुनिश्चतता गर्न भर्ना अभियान सञ्चालन गरिएको छ ।किशोरावस्थाका छात्राहरुलाई सेनेटरी प्याडको व्यवस्था गरी महिनावारीकै समस्याका कारण विद्यार्थीको सिकाई प्रभावित नहुने वातावरण सृजना गरिएको छ ।बालविकास सहितको कक्षा १ मा भर्ना सुनिश्चित गर्न नगरपालिकाको आन्तरिक श्रोतबाटै २ जना बालविकास शिक्षक तथा दरबन्दी नभएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गरिएको छ ।विद्यालयहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक सुझाव तथा परामर्श प्रदान गर्ने गरिएको छ ।

सभाध्यक्षज्यू,

१५. अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको मुख्य उद्देश्य र प्राथमिकता प्रस्तुत गर्दछु ।

(१) प्रबिधिको विकास,

(२) आधुनिक प्रबिधियुक्त र रसायन रहित कृषि प्रणालीको विकास,

(३) पर्यटन क्षेत्रको विकास,

(४) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा तथा गुणस्तरीय खानेपानीको प्रवन्ध,

(५) सामाजिक, आर्थिक, पूर्वाधार विकास लगायतका योजनाहरु तथा निर्माणाधीन र अधुरा आयोजनाहरुको निर्माण कार्यलाई निरन्तरता,

(६) गुणस्तरीय शिक्षा, मानव संशाधन विकास र रोजगारी सिर्जना,

(७) आन्तरिक स्रोतको अभिवृद्धि गर्दै स्रोतको दीगो परिचालन,

(८) प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण र वातावरण संरक्षण,

(९) उत्पादन अभिवृद्धि तथा स्वरोजगारी सिर्जना,

(१०) सबै नागरिकमा विद्युत सेवाको पहुँच,

(११) नदी नियन्त्रणका लागि तटबन्धन तथा दिगो सिँचाई,

(१२) लक्षित वर्ग, क्षेत्र, समुदायको क्षमता अभिवृद्धि तथा गरिवी न्यूनिकरण,

(१३) असंगठित श्रमिकका लागि काम र रोजगारीका अवसर लक्षित समूहका लागि सामाजिक सुरक्षा र संरक्षण,

(१४) शासकीय क्षमताको अभिवृद्धि र सुशासन।

अब म आर्थिक वर्ष २०८१।०८२ का बजेटका उद्देश्यहरु तथा मूख्य मूख्य प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

(१) आर्थिक विकास संग सम्बन्धित सम्पूर्ण पक्षहरुको सर्वाङ्गीण विकास गर्नु,

(२) पूर्वाधारको विकास गरिबीको अन्त्य, समृद्ध अर्जुनधारा सबैको गन्तब्य भन्ने नारालाई सार्थक बनाउनका लागि गुणस्तरीय तथा दीर्घकालिन महत्वको पूर्वाधारको विकास तथा निर्माणमा दीर्घकालिन सोच सहित जोड दिनु,

(३) नगरपालिकाको समृद्धिको लागि आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीव्रता दिनु ,

(४) आर्थिक, प्राकृतिक तथा मानवीय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गरिबी न्युनिकरण गर्नु,

(५) मानवीय ज्ञान, सीप तथा प्राविधिक दक्षताको अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै स्वरोजगार सिर्जना गर्नु,

(६) नगरक्षेत्रवाट प्रदान हुने सेवाहरु छिटो, छरितो, मित्तव्ययी र पारदर्शी रुपमा प्रवाह गर्दै नागरिक प्रतिको प्रतिवद्धता र जवाफदेहिता सुनिश्चीत गरी सुशासन प्रवद्धन गर्नु ।

(७) सामाजिक विकास मार्फत नगरवासीहरुको मुलप्रावहीकरण,सशक्तिकरण, समावेशीकरण तथा समाहितिकरण सहित एकत्व बोध गराउनु,

(८) युवा, खेलकुद तथा कला, साहित्य, भाषा तथा संस्कृतिको समयानुकुल विकासको माध्यमबाट अर्जुनधारा नगरपालिकाको पहिचान अब्बल सावित गराउनु,

(९) अर्जुनधारा नगरको समृद्धिमा भरः सचेत भई म आफै तिर्छु कर भन्ने नारालाई व्यवहारिक तथा सार्थक तुल्याउनु,

**सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. आर्थिक विकास सम्बन्धि नीति

क) कृषि विकास सम्बन्धि नीति :

(१) मौलिक हकको रुपमा रहेको खाद्य सुरक्षामा जोड दिँदै खाद्यबस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित बनाइनेछ। पत्रु खाना (जङ्क फुड) लाई निरूत्साहित गर्दै खाद्यको गुणस्तर कायम गर्न जोड दिइनेछ।

(२) धानको व्यवासायिक उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहित हुने गरी सहभागितामुलक जवाफदेही अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

(३) नगरपालिकामा रहेका अगुवा कृषकहरुको लगत तयार गरी अगुवा कृषकहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

(४) माटोको उर्वराशक्तिको संरक्षणको लागि रसायनिक एवं प्रांगारिक मल सन्तुलनको व्यवस्था मिलाउंदै निश्चित समयपछि प्राङ्गारिक मलको मात्र प्रयोग गर्ने र प्राङ्गारिक नगर बनाइनेछ ।

(५) घरबाट निस्कने फोहोरमैला गोठेमल, पशुमुत्रलाई एकीकृत गरी जैविक मल उत्पादन गरिनेछ ।

(६) स्थानीय स्तरमा उत्पादित हरियो तरकारीको बजारीकरणका लागि नगरपालिका स्तरमा समर्थन मुल्य तोकी निश्चित स्थानमा बिक्री बितरण गर्नका लागि सहकारीहरु प्रतिस्पर्धाबाट छनौट गरिनेछ ।

(७) कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन उत्कृष्ट किसान तथा कृषक समूहलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(८) किसानहरुलाई जैविक मल तथा जैविक विषादी उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

(९) जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असरहरुको अध्ययन तथा विकल्पहरुको खोजी कार्यलाई निरन्तरता दिइनेछ।

(१०) जलवायु परिवर्तन तथा अन्य कारणले बालिहरुमा लाग्ने रोग किराहरु र प्राकृतिक प्रकोपबाट हुने क्षतिको प्रभाव कम गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

(११) जमिनको संरक्षण र उत्पादकत्व वृद्धिका लागि बहुउपयोगी र नगदे बाली सहितको कृषि वनको प्रवर्द्धन गरिनेछ।

(१२) कृषकहरुलाई बजारसम्म पहुँच बढाउन कृषि उपज सङ्कलन केन्द्र, कृषि उपज बजार तथा विज भण्डारण (सिड बैंक)स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

(१३) सुख्खा ग्रस्त क्षेत्रमा प्लास्टिक पोखरी निर्माण तथा थोपा सिंचाई जस्ता विकल्प खोजी गरिनेछ।

(१४) वास्तविक किसानको पहिचान गर्ने कार्य सम्पन्न गरी किसान परिचयपत्र वितरण र प्रयोग गरिनेछ। नगरपालिकाबाट वितरण हुने कृषि अनुदान तथा प्रोत्साहनलाई उत्पादनमा आधारित गरिनेछ ।

(१५) आय आर्जन र रोजगारीको अवसर श्रृजना गर्ने कृषि क्षेत्रमा आकर्षण बढाउने खालका कार्यक्रम अघि बढाई बैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई समेत आकर्षण गरिनेछ।

(१६) कृषकहरुले उत्पादनमा गरेको लगानी सुरक्षित बनाउन थप अध्ययन गरी नगदे बालीमा कृषि बिमा लागु गरिनेछ।

(१७) कृषि क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने विद्यार्थी तथा विज्ञलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(१८) जग्गा जमिन नभएको तथा खेती गर्न चाहानेहरूलाई प्रोत्साहन गर्न बाँझो जग्गा प्रयोगमा सहजीकरणका लागि भूमि बैंक सम्बन्धि अर्जुनधारा नगरपालिकाको कार्यबिधि स्वीकृत गरि लागु गरिनेछ।

(१९) बजार क्षेत्रमा करेसावारी तथा कौसी खेतीलाई प्रोत्साहन गरिनेछ।

(२०) सबै किसानहरुलाई कृषि समूह तथा कृषि सहकारीमा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(२१) माहुरी, माछा पालन तथा कुरिलो खेतीजस्ता उच्च मूल्यका कृषिजन्य ब्यवसायहरूको सम्भाव्यता तथा सम्भावना अध्ययन गरि सो को आधारमा कार्यक्रम अघि वढाइनेछ ।

(२२) कृषि उपजहरूलाई सहज रूपमा बजार पहुँचको लागि उपयुक्त स्थानमा कृषि सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

(२३) तुलनात्मक लाभ, उच्च मूल्य प्राप्त हुने बस्तु तथा बालीको उत्पादन बृद्धि गर्नको लागि कृषि सहकारीको सहकार्यमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

(२४) कृषि क्षेत्रमा लाग्ने रोग किराको प्रकोपबाट बच्न बाली संरक्षण सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(२५) स्वस्थ बाली उत्पादन बृद्धि गर्न माटो परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।नगरपालिकालाई बिउमा आत्मनिर्भर बनाउदै लगिनेछ ।

(२६) कृषि उद्योग प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

(२७)  आफुले खाने तरकारी आफैले उत्पादन गरौं  भन्ने अभियान सञ्चालन गरिनेछ र रैथानी बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(२८) विषादी नाप्ने यन्त्रको व्यवस्था गरी सागसब्जी लगायतका कृषि उपजको बिषादी जाँच गर्ने व्यवस्था मिलाइनेछ।

(२९) नगरपालिकाको प्रमुख सम्भावना बोकेको कृषि नगदे बालीको व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(३०) नगदेबालि तथा कृषिजन्य वस्तुको उत्पादन क्षेत्र पहिचान गरी पकेट क्षेत्रको रुपमा विस्तार गर्दै लगिनेछ। ।कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(३१) नगरपालिकालाई चिनाउने वस्तुको प्याकेजिङ तथा ब्रान्डिङ गरी बजारीकरण गर्न प्रोत्साहित गरिनेछ।

(३२) माछापालन व्यवसायलाई प्रबर्द्धन गरी आलो तथा सुकाएर मासु बिक्रि गर्ने व्यावसायिक केन्द्र संचालन गरिनेछ ।

(३३) नगरपालिकाको कृषि सेवा केन्द्रहरुलाई विस्तार गरिनेछ ।

(३४) रासायानिक मलको वितरणलाई भौगोलिक अवस्था अनुसार सहज ढंगले प्राप्त गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

(३५) नगरपालिकाबाट निर्माण भएको कृषि बजार सञ्चालनका लागि सहुलियत दरको भाडादर तथा अन्य आवश्यक पूर्वाधारहरु निर्माण गरी व्यवसायीहरुलाई कृषि बजार तर्फ आकर्षित गरिनेछ ।

पशुपन्छी विकास सम्बन्धी नीतिः

(१) तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यावसायिक पालनका लागि कृषकहरुको क्षमता अभिवृद्धि गरि आयआर्जनको श्रोतको रुपमा स्थापित गरिनेछ ।

(२) स्थानीय जातहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा सुधार ल्याइनेछ ।

(३) किसानसँगको साझेदारीमा आधुनिक प्रबिधियुक्त खोर तथा गोठ निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(४) पशुपंक्षी पालनलाई व्यावसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला,दलित तथा विपन्न वर्गको लागि आवश्यकताको आधारमा बीउपूँजी कोषको कार्यक्रम संचालन गरिनेछ ।

(५) खुल्ला मासु बिक्रि वितरण तथा ओसारपसारका लागि मापदण्ड बनाई नियमन तथा अनुगमन गरिनेछ ।मासु पसलहरुमा अनिवार्य रुपमा डिप फ्रिज एवं सुरक्षित रुपले मासु भण्डारण गर्न अनिवार्य गरिनेछ ।

(६) कृषक पहिचान गरी उनीहरुको मागमा आधारित पशु सम्बन्धी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

(७) पशुपन्छीको महामारी नियन्त्रणका लागि कृषकहरूको घरदैलोमा गई खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा विस्तारमा जोड दिइनेछ। पशुपन्छीको उपचार गर्न विशेषज्ञ सहितको पशु घुम्ती शिविर सञ्चालन गरिनेछ।

(८) पशुपालनलाई प्रोत्साहन गर्नको लागि उन्नत जातका पशुहरुको नश्ल सुधार कार्यक्रम तथा पशु आहार सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(९) दुग्ध उत्पादक समूह,सहकारी तथा कृषक समूहसंगको लागत साझेदारीमा दुध भण्डारण, प्रशोधन र बजारिकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(१०) पशु बधशालाको निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

(११) सामुदायिक कुकुर नियन्त्रण सचेतनामूलक कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

(१२) पशु हाटबजारलाई व्यवस्थित गर्दै लगिनेछ।

(१३) पशुपालक कृषकहरूलाई उत्प्रेरित तथा प्रोत्साहित गर्न उत्कृष्ट पशुपालक कृषक तथा कृषक समूह पुरस्कारको व्यवस्था मिलाईनेछ।

(१४) पशु औषधी, न्यापिड टेस्ट तथा कीटको उचित व्यवस्थापन गरिनेछ।

(१५) कृत्रिम गर्भाधान सेवा विस्तारलाई निःशुल्क गरिनेछ।

(१६) पशु बिमाको लागि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

(१७) बहुबर्षीय घाँस उत्पादनको लागि वेर्ना वितरणको कार्यक्रम संचालन गरिनेछ ।

(१८) माछा पालनको लागि पोखरी निर्माण गर्न प्रोत्साहित गरिनेछ।

(१९) पशुपन्छी विकासको क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्न स्थानीय अभिलेख व्यवस्थित गरिनेछ।

(२०) पशुपंक्षीको व्यावसायिक पालन तथा पशुपंक्षी स्वास्थ्य सम्बन्धि नीति, कानुन तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ र नियमित रुपमा अनुगमन तथा नियमनका लागि एक संयन्त्र विकास गरिनेछ ।

(२१) दुध र मासु उत्पादनका लागि भैंसी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

(२२) एग्रोभेटहरुको गुणस्तरीयता सुनिश्चितताका लागि नियमित रुपमा अनुगमन तथा नियमन गरिनेछ।

(२३) जैविक विविधता संरक्षणका लागि कछुवा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(२४) पशुपंक्षी प्रयोगशालाको स्तरोन्नती गरी गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

(२५) नमुना पशु अस्पतालको निर्माण सम्पन्न गरी चालु आर्थिक वर्षबाटै विशेषज्ञ सेवा सहितको पशुपंक्षी उपचारमा प्रभावकारी तथा गुणस्तरीय सेवा सञ्चालनमा ल्याउन व्यवस्था मिलाइनेछ ।

ग. सिंचाई सम्बन्धि नीतिः

(१) चालु अवस्थाका सिंचाई आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाई सुबिधा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

(२) सिंचाई सम्बन्धि दीर्घकालिन नीति,कानुन,मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

(३) कृषियोग्य भूमिमा दिगो सिंचाई व्यवस्था गर्नका लागि खोलाको पानीको मुहान संरक्षण र एकीकरण गरी स्थायी मुहान, कुलो, पैनी तथा नहर निर्माण गरी सतह सिँचाईलाई प्राथमिकता दिइनेछ ।

(४) पानीको स्थायी स्रोत तथा मुहानहरुको पहिचान गरि संभाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतियोग्य क्षेत्रहरुमा सिंचाई सुबिधा उपलब्ध गराउन कार्यप्रक्रिया अगाडि वढाइनेछ ।

घ. पर्यटन सम्बन्धी नीतिः

(१) नीजि क्षेत्रसंगको सहकार्यमा नगरपालिकाभित्र पहिचान भएका पर्यटकिय क्षेत्रहरुमा पुग्न तथा बसाई व्यावस्थापन गर्न आवश्यक सबै प्रकारका पूर्वाधार निर्माण र सुरक्षा व्यवस्था मिलाईनेछ।

(२) पर्यटकीय धरोहरको संरक्षण, जिर्णोद्धार ,मर्मत संभार तथा नियमित सरसफाइको व्यवस्था गरिनेछ ।

(३) लोपोन्मुख एवं अन्य सबै प्रकारका भाषा,कला,साहित्य र संस्कृतिहरु झल्कने गरि उपयुक्त स्थानमा संग्रालय निर्माण गर्दै सम्पदा संरक्षणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

(४) आगामी २ वर्ष भित्र पर्यटन क्षेत्र घोषणाको लागि पूर्वाधार विकास, प्रचारप्रसारलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(५) पर्यटन विकास गुरूयोजनाका आधारमा पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गरिनेछ।

(६) अर्जुनधारा नगरको गौरवपूर्ण आयोजनाको रूपमा अन्तरधार्मिक शान्ति पार्क निर्माण कार्यलाई अगाडी बढाइनेछ।

(७) ऐतिहासिक, धार्मिक, पुरातात्विक, मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद संरक्षण तथा उपयोगमा बिशेष जोड दिने नीतिलाई प्राथमिकता दिइनेछ ।

(८) पर्यटकहरुलाई आकर्षित गर्न सडक सौन्दर्यीकरण, शहरी वन तथा शहरी सौन्दर्यीकरणको कार्यलाई निरन्तरता दिइनेछ।

(९) पर्यटन क्षेत्रमा लगानी बृद्धि गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ।

(१०) शैक्षिक पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन तथा हाइकिङ (पैदल मार्ग) जस्ता क्षेत्रहरूको प्रवर्द्धन गर्दै लगिनेछ।

(११) पर्यटन प्रवर्द्धन गर्न डकुमेन्ट्री निर्माण र अन्तरपालिका भगिनी तथा अन्तरदेशीय भगिनी सम्बन्धलाई प्राथमिकता दिइनेछ।

(१२) स्थानीय संस्कृति झल्कने गरि होमस्टे संचालन गर्न स्थानिय महिला ,दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहन सहित आवश्यक सीप विकास गरिनेछ ।

(१३) पर्यटन विकासलाई बार्षिक रुपमा नियमित रुपमा समावेश गरिदै लगिनेछ ।

(१४) धार्मिक,साँस्कृतिक,ऐतिहाँसिक,पुरातात्विक तथा पर्यटकीय क्षेत्रहरुको विशेषता र महत्व झल्कने गरि अर्जुनधारा नगरपालिकाको विभिन्न क्षेत्रमा डिजिटल वोर्ड वा फ्लेक्स प्रिन्ट वा होर्डिङ वोर्डको व्यवस्था गरिनेछ ।

(१५) नेपाली सेनासँगको सहकार्य तथा साझेदारीमा सामुदायिक वनमा पंक्षि आवासको कार्यक्रमलाई संचालन गरिनेछ ।

ङ. सहकारी सम्बन्धी नीतिः

(१) सहकारीको माध्यमबाट कृषि,पशुपंक्षिजन्य,वन पैदावर,पर्यटन क्षेत्रमा स्थानीय उपजको बिविधिकरण,प्रशोधन र बजार प्रबर्द्धनका लागि मेला महोत्सव गरी बजारीकरणमा अभिवृद्धि गरिनेछ ।

(२) सहकारीमा आबद्ध महिला ,दलित तथा अति विपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुर्याउनका लागि सहकारीको माध्यमबाट सहुलियतपुर्ण कर्जा वा अनुदान उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

(३) सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्था दर्ता तथा खारेजीको माध्यमबाट संस्थागत सुशासन कायम गर्ने नीति लिइनेछ।

(४) समुदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न सम्बन्धित सहकारीहरुसंग समन्वय गरिनेछ ।

(५) अनौपचारिक रुपमा समूह बनाई वचत तथा ऋण कारोबार गर्ने समूह तथा व्यक्तिलाई कार्वाहीको दायरामा ल्याइनेछ।

(६) सहकारीलाई सामाजिक उत्तरदायित्व सहित सदस्य केन्द्रित बनाउदै सोको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्युनिकरण, उद्यमशीलता प्रवर्द्धन र सामुदायिक सशक्तिकरण गरिनेछ।

(७) सहकारीको सामाजिक दायित्व अन्तर्गतको रकम परिचालन गर्दा नगरपालिकासँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

(८) सहकारी क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

(९) नगरक्षेत्रभित्रका सहकारीहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट सहकारी पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

(१०) सहकारी सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी व्यवस्थापनमा प्रभावकारीता कायम गरिनेछ।

च. उद्योग, श्रम तथा रोजगार सम्बन्धी नीति

(१) नगरपालिकाभित्र खेर गइरहेको श्रोतसाधन ,सीप र समयको प्रयोग हुने गरी लघु घरेलु तथा साना उधोग व्यवसाय संचालनका लागि नीजि तथा सहकारीसंग समन्वय गरि रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

(२) सहकारीमा आबद्ध नगरपालिका बासीलाई रैथाने बाली ,हस्तकलाका सामानहरु जस्ता निर्यातजन्य उत्पादनका लागि सीप एवंम उधमशीलता विकास तालिम प्रदान गरि क्षमतामा आधारित एकल तथा सामुहिक रुपमा उधोग संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।

(३) परम्परागत मौलिक एवं कला संस्कृति संग सम्बन्धित उधोग व्यवसायको संरक्षण,संम्बर्द्धन तथा प्रबर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण गरि उधम विकासलाई प्रबर्द्धन गरिनेछ ।

(४) स्थानीय कच्चा पदार्थ, प्रविधि र सीपको संरक्षण र प्रवर्द्धन गर्न लघु तथा घरेलु उद्योग र परम्परागत सीपमा आधारित उद्योगहरुलाई प्राथमिकता दिइ प्रविधिमा सहयोग गरिनेछ।

(५) नगर क्षेत्रभित्र स्थानीय उत्पादनलाई विविधिकरण र बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(६) गरिब परिवारको पहिचान गर्न वडा कार्यालय, टोलविकास संस्था तथा सरोकारवाला निकायहरुलाई परिचालन गरिनेछ। गरिबी निवारणका लागि आवश्यकताको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ।

(७) लघु, घरेलु तथा साना उधोगको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ। नयाँ लघु उद्यमी सिर्जना गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(८) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी उनिहरुले विदेशमा आर्जन गरेको सीप र क्षमताको उपयोग हुने गरी मागमा आधारित दिगो आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(९) नगरपालिका क्षेत्र भित्र रहेका श्रमिकहरुको लागि श्रमिक हित कोषको स्थापना गरी श्रमिकहरुको सुरक्षा तथा संरक्षण गरिनेछ। श्रम डेस्क स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

(१०) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उत्पादकत्व वृद्धि गर्ने, दिगोपना कायम हुने, स्थानीय श्रोत साधनको प्रयोग र परिचालन हुने खालका आयोजना तथा कार्यक्रम छनौट गरी रोजगारी प्रदान गरिनेछ।

(११) रोजगार सेवा केन्द्रमार्फत बेरोजगार व्यक्तिहरुको अभिलेखीकरण र न्यूनतम रोजगारको प्रवन्ध गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(१२) नगरपालिकाबाट उपलब्ध गराइएको विभिन्न तालिमको संरक्षण तथा व्यवसाय सञ्चालनको लागि बीउपुँजीको व्यवस्था गरिनेछ ।

(१३) कृषि तथा पशुजन्य उत्पादनमा आधारित साना तथा घरेलु उद्योग व्यवसायहरूलाई सीप तथा सञ्चालन अनुदान उपलब्ध गराइनेछ।

(१४) नगरपालिकाको बजार क्षेत्रमा बिक्रि कक्ष,प्रर्दशनि कक्ष,कोशेलि घर स्थापना गर्दै स्थानिय उत्पादनहरुको बजार प्रबर्द्धन गरिनेछ ।

(१५) Dry meat तथा Dry veg उद्योगहरु (राँगा तथा माछाको सुकुटि ,मुलाको सिन्कि तथा रायो मुलाको सागको गुन्द्रुक) गहुँ, भटमास,फापर,आलस,कोदो आदिको उत्पादन गरि बजार व्यवस्थाका लागि संघ संस्थासंग साझेदारी गरिनेछ ।

(१६) वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई व्यावसायिक परिचालनको लागि घरपरिवारलाई समेत आवश्यक सीप विकास तथा क्षमता विकास तालिम संचालन गरिनेछ ।

(१७) वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाई वित्तिय साक्षरता कार्यक्रम संचालन गरि विप्रेषणलाई सुरक्षित लगानि गर्न प्रोत्साहित गरिनेछ ।

२. पूर्वाधार विकास सम्बन्धी नीति

(१) सडक मापदण्ड २०७१ लाई आधार मानी सडक निर्माणमा गुणस्तर कायम गरिनेछ ।

(२) संघ र प्रदेश सरकारको साझेदारी तथा सहकार्यमा अर्जुनधारा नगरपालिकाको बाह्य चक्रपथ निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

(३) सडक यातायात तथा संचालन सम्बन्धि नीति,कानुन,मापदण्ड बनाई कार्यान्यवय र नियमन गरिनेछ ।

(४) सडक कालोपत्रे, पुल, सार्वजनिक भवन, बक्स कल्भर्ट निर्माण कार्य जवाफदेही तथा पारदर्शी प्रक्रियाबाट सञ्चालन गरिनेछ।

(५) नगरपालिका भित्र ठूला आयोजना लगायत अन्य प्रयोजनमा समेत प्रयोग गरिने हेभी इक्युपमेण्ट अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुने व्यवस्था मिलाइनेछ।

(६) योजना सम्झौता गरी पेटी ठेक्कामा लगाउने उपभोक्ता समितिलाई कारवाही गरी कानून अनुसार कालो सूचीमा राख्ने व्यवस्था गरिनेछ।

(७) सडकको दिगोपना कायम गर्न कच्ची सडकको दायाँबायाँ ड्रेन बनाइ सडक स्तरोन्नती गर्न स्थानीय नागरिकसंगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

(८) पूर्वाधारका योजनाहरु सञ्चालन गर्दा पुर्वाधारको दिगोपना र वातावरण संरक्षणलाई जोड दिइनेछ।

(९) नगर तथा वडा स्तरीय ठूला पूर्वाधारका आयोजनाहरुमा केन्द्र र प्रदेश सरकारसँग साझेदारीमा समपुरक कोषबाट साझेदारी गर्ने नीति लिइनेछ।

(१०) सन्तुलित विकासको अवधारणालाई सार्थक तुल्याउन वडागत र क्षेत्रगत सन्तुलनलाई ध्यानमा राखी विकास आयोजनाहरु छनौट तथा कार्यान्वयन गरिनेछ ।

(११) नगर यातायात गुरूयोजना निर्माण गरि सडक विकास र विस्तार सम्भाव्यताको अध्ययन गरिनेछ।

(१२) व्यवस्थित हाटबजारका लागि संरचना निर्माण गर्दै लगिनेछ।

(१३) वार्षिक खरिद योजना तथा योजना कार्यान्वयन कार्ययोजना बनाई सोही आधारमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना पौष मसान्त भित्र सम्झौता गरिनेछ। पौष मसान्तभित्र सम्झौता हुन नसकेका आयोजना कटौती गरिनेछ। टेण्डर प्रक्रियाबाट सञ्चालन हुने आयोजना कार्तिक मसान्त भित्र E-Bidding मार्फत बोलपत्र/ शिलबन्दी दरभाउपत्र आह्वान गरी सक्ने व्यवस्था मिलाइनेछ।

(१४) वडाबाट सञ्चालन हुने तर उपभोक्ता समिति र टोल विकास संस्थाबाट सम्पन्न गर्न नसकिने योजनाहरू कात्तिक मसान्तसम्म टेन्डर प्रक्रिया मार्फत नगरपालिकाबाट सञ्चालन गरिनेछ।

(१५) शैक्षिक संस्थाहरुको पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्य व्यवस्थापन समिति संगको समन्वयमा गरिनेछ ।

(१६) समयमै काम नगर्ने निर्माण ब्यवसायीलाई कारवाही गरी कालो सूचीमा राख्ने प्रक्रियालाई निरन्तरता दिइनेछ। समयमै कार्य सम्पन्न गर्नेहरूलाई प्रोत्साहन गरिनेछ।

(१७) सडक कालोपत्रे गर्दा अस्पाल्ट कंक्रिट गर्ने नीतिलाई लिइनेछ। कालोपत्रेको कार्य गर्दा 40 mm भन्दा तल नहुने नीति लिइनेछ।

(१८) सार्वजनिक निकाय र संघसंस्थाहरूको भवन निर्माणको योजना छनौट गर्दा जग्गाको सुनिश्चितता, भवनको नक्सा, लागत अनुमान, डिपिआर र लाभ तथा उपयोगिता बिश्लेषण तयारीलाई अनिवार्य पूर्वसर्तको रूपमा लिने नीति लिइनेछ।

(१९) धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक स्थलहरूको भौतिक निर्माणमा स्थानीय निर्माण सामग्री र सीपलाई प्रोत्साहन गरिनेछ।

(२०) नगरका सडकहरूमा रोड मार्किङ सहित ट्राफिक सिग्नल, रोड फर्निसिङको कार्य गर्दै लगिनेछ।

(२१) टोल बिकास संस्थाहरुलाई जिम्मेवार बनाई पूर्बाधार विकासका क्षेत्रमा परिचालन गरिनेछ ।

(२२) उपभोक्ता समिति/ संस्था/ टोल विकास संस्थाद्वारा सञ्चालन हुने योजनाहरूमा हेभी इक्युपमेन्टको प्रयोग प्राविधिकको सिफारिस बमोजिम प्रयोग गर्नुपर्ने आवश्यक भएमा प्रयोग गर्न सकिनेछ ।

(२३) वस्ती विकास,विपन्न आवास तथा सुधार कार्यक्रमहरू क्रमश: लागु गरिनेछ।

(२४) यस अघि डिपिआर भइसकेका योजनाहरूमा क्रमश: बजेट बिनियोजन गरी कार्यान्वयन गरिनेछ।

(२५) नगरपालिकाले अमानतबाट कार्य गराउँदा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ।

सडक निर्माण गर्दा ढल निकासको व्यवस्था अनिवार्य गरिनेछ।

(२६) नगरका सडकहरूमा क्रमश: Road Marking, Traffic Signal र Road Furnishing को कार्य अगाडी बढाइनेछ।

(२७) नदी किनारका जोखिमयुक्त क्षेत्रमा बस्ती तथा खेतिबालीको संरक्षणका लागि तटबन्धनको कार्यप्रक्रिया स्थानीय नागरिक तथा सरोकारवालाहरुको समन्वय,साझेदारी तथा आम सहभागितमा संचालन गरिनेछ ।

(२८) पूर्बाधारको विकास गरिबिको अन्त्य,समृद्ध अर्जुनधारा सबैको गन्तव्य  भन्ने दीर्घकालिन सोचका साथ पूर्बाधार विकासको नीतिलाई अवलम्वन गरिनेछ ।

३. बिद्युत तथा बैकल्पिक उर्जा नीतिः

(१) अर्जुनधारा नगरपालिकाको मुख्य सडकहरुमा सौर्य सडक बत्ति व्यवस्थित गर्दै लगिनेछ ।

(२) वैकल्पिक उर्जा वायो ग्याँसको प्लान्ट निर्माण गरिनेछ ।

(३) बैकल्पिक उर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

(४) नगरको सुन्दरता र सुरक्षालाई मध्यनजर गर्दै बिद्युत पोलमा झुन्डाइएका अनावश्यक तारहरू सरोकारवालाहरू संगको उचित समन्वयमा व्यवस्थापन गरिनेछ।

(५) चालु आ.व. भित्र विद्युत नपुगेको घरहरू तथा वस्तीहरूमा विद्युत पुऱ्याई शतप्रतिशत विद्युतको पहुँच पुगेको नगरपालिका घोषणा गरिनेछ।

(६) उर्जा विकास सम्बन्धि स्थानीय नीति,कानुन, मापदण्ड तथा योजना बनाई कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

४. लागत सहभागिता सम्बन्धी नीतिः

(१) जटिल प्रकृतिका र हेभी इक्युपमेन्ट प्रयोग हुने आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिने छैन। श्रममुलक आयोजना मात्र उपभोक्ता समितिबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(२) समुदायको सीप विकास तालिम तथा कार्यक्रम, लक्षित वर्गको कार्यक्रम र अपाङ्गलाई सहायक सामग्री वितरण कार्यक्रम तथा कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिममा नगद सहभागिता आवश्यक नपर्ने नीति लिइनेछ।

५. घर नक्सा तथा बस्ती विकास सम्बन्धी नीति

(१) संघीय र प्रादेशिक कानुनको अधिनमा रहि सार्वजनिक निर्माण,सुरक्षित बस्ति तथा बजार विकास सम्बन्धि स्थानिय नीति ,कानुन ,मापदण्ड बनाई अनुगमन नियमन गरिनेछ । नगरपालिका भित्र निर्माण हुने भवन लगायतका संरचनाहरुमा राष्ट्रिय भवन संहिताको पालना गरिनेछ ।

(२) भू-उपयोग नीति बनाई सो अनुरुप योजनाहरु कार्यान्वयन गर्दै व्यवस्थित तथा नमुना नगरपालिका बनाईनेछ ।

(३) व्यक्तिगत तथा सामुदायिक भवन र अन्य सार्वजनिक स्थलहरु निर्माण गर्दा भुकम्पीय सुरक्षायुक्त संरचना निर्माण गरी सम्भावित जोखिमलाई कम गर्दै लगिनेछ।

(४) नगर क्षेत्रभित्रका सूचीकृत डकर्मीहरुको क्षमता अभिवृद्धिको लागि सिप विकास तालिम सञ्चालन गरी भवन निर्माण गर्दा तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण कार्य गर्ने पद्धतीको विकास गर्दै लगिनेछ। नगरपालिका क्षेत्रभित्रको पूर्बाधार निर्माणको क्षेत्रमा स्थानीय मजदुरहरुलाई प्राथमिकता दिनका लागि प्रोत्साहित गरिनेछ ।

(५) नगरपालिका क्षेत्र भित्र घरनक्सा पास नगरी संरचना निर्माण गर्ने कार्यलाई दण्डित गरिनेछ।

(६) सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री हुने गरी निर्माण गरिनेछ।

(७) भू-उपयोगको योजना कार्यान्वयन गरी भूमिको वर्गीकरणलाई पारदर्शी र यथार्थपरक बनाइनेछ।

(८) स्थानीय भवन निर्माण मापदण्ड लागु गर्न कडाइ गरिनेछ।

(९) अर्जुनधारानगरपालिमा भवन निर्माण गर्ने साना व्यवसायीहरूलाई अनिवार्य रूपमा सूचीकृत गराई सूचीकृतबाट मात्र निर्माण कार्य गराइनेछ।

(१०) नगरपालिका भित्रका व्यवसायिक भवनहरूमा बेसमेन्ट पार्किङ प्रयोजनमा ल्याउनेलाई पार्किङ क्षेत्रको संरचनाको राजश्व छुट गरिनेछ।

(११) बजार क्षेत्रमा नयाँ घर निर्माण गर्ने घरधनीले ४ बोट विरूवा अनिवार्य रोप्ने व्यवस्था लागु गरिनेछ।

(१२) प्राकृतिक प्रकोप तथा जोखिमयुक्त संवेदनशील क्षेत्रमा रहेका बस्तिहरुलाई एकीकृत वस्तीमा स्थानान्तरण गरिनेछ ।

६. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. शिक्षा सम्बन्धी नीतिः

(१) आधारभूत शिक्षाबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर बनाइनेछ ।

(२) आवश्यक सबै पूर्बाधार सहित प्रारम्भिक बाल विकास तथा शिक्षालाई विस्तार गरिनेछ ।

(३) विधालय छाड्ने दरमा न्यूनता ल्याउनका लागि प्रोत्साहनमुलक कार्यक्रम संचालन गरिनेछ ।

(४) आर्थिक रुपमा विपन्न ,दलित,सीमान्तकृत समुदाय र शहिद परिवारका बालवालिका र किशोर किशोरीहरुका लागि विधालयमा पहुँच वृद्धिको सुनिश्चितता गरिनेछ ।

(५) तालिम प्राप्त विषयगत एवं दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा संचालन गरी गुणस्तर कायम गरिनेछ ।

(६) गुणस्तरीय शिक्षा र जनशक्तिको क्षमता विकासका लागि विधालयहरुको भौतिक पूर्वाधार विकास, मर्मत संभार र प्रविधिमैत्री बनाउँदै लगिनेछ। विद्यार्थीहरुको सिकाई लाई प्रभावकारी बनाउन डिजिटल माध्यमबाट दक्ष शिक्षकहरुबाट अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

(७) सामुदायिक विधालयहरुको अनुगमन प्रणालीलाई प्रविधिमैत्री बनाइ प्रभावकारी र नतिजामुलक बनाइनेछ। पुरस्कार र दण्ड प्रणालीलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

(८) विद्यालयको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन तथा शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विधालयहरुमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गरिनेछ।

(९) शिक्षकहरुलाई आफ्नो पेशागत हक हितका संघ संस्थाहरु बाहेक अन्य संघ संस्थाको जिम्मेवारीबाट अलग गरिनेछ।

(१०) सामुदायिक विद्यालयहरूलाई विद्यार्थी र अभिभावकको पहिलो रोजाइको रूपमा विकास गर्न सिकाइ क्रियाकलाप र परीक्षालाई स्तरीय बनाई समग्र शैक्षिक गुणस्तर सुधार कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(११) प्राविधिक विषयतर्फ नगरपालिकाले उपलब्ध गराएको छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विधार्थीलाई सामुदायिक शैक्षिक संस्था वा नगरपालिकामा अनिवार्य रुपमा २ वर्ष सेवा गर्ने गरी परिचालन गरिनेछ।

(१२) शैक्षिक संस्थाहरुलाई आन्तरिक सक्षमता, गुणस्तर एवं उच्च कार्य सम्पादनका आधारमा प्रोत्साहन गरिनेछ।

(१३) विद्यालयमा शुद्ध खानेपानी, शौचालय, फ्यान, सरसफाई, घेराबारा एवं बिजुली बत्तीको दिगो व्यवस्थापन गरी विद्यालयलाई प्रविधिमैत्री, अपाङ्गतामैत्री, बालमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

(१४) विद्यालय व्यवस्थापन समितिले नगरसंगको समन्वय तथा उपस्थितिमा अनुगमन कार्यतालिका बनाई विद्यालय अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

(१५) शैक्षिक क्रियाकलापमा विविधता ल्याउन विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाइने छ।

(१६) विद्यालयमा स्वास्थ्य, पोषण तथा सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउन समुदाय, स्वयंसेवी संस्था र गैर सरकारी संस्थाहरु समेतलाई पहिचान र परिचालन गरिनेछ।

(१७) बालवालिकाको स्वास्थ्यलाई नकरात्मक असर गर्ने खाजा विद्यालयमा निषेध गर्ने नीति कडाइका साथ कार्यन्वयन गरिनेछ।

(१८) छात्रासँग उपप्रमुख, आमाबाबु विहिन बालबालिकाका लागि निःशुल्क शिक्षा र बालिका शिक्षा बचत कार्यक्रमलाई संचालन गरिनेछ ।

(१९) सिकाइमा गुणस्तरीय अवसरहरुका लागि सिकाइ सामग्री, विषयगत प्रयोगशाला विकास, शिक्षक व्यवस्थापन तथा विषयगत कार्यशालाहरू सञ्चालन गरी सुसंस्कृत, शिक्षित र सक्षम मानव संशाधनको विकास गर्न जोड दिइनेछ।

(२०) विद्यालय, मन्टेस्वरी, कोचिङ कक्षा र तयारी कक्षाहरू विना स्वीकृति सञ्चालन गर्न बन्देज लगाईनेछ।

(२१) नगरपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालयहरुलाई मापदण्ड पूरा गरी आएमा उच्च मावि सञ्चालन गर्न अनुमती प्रदान गर्न सहजिकरण गरी आवश्यक सहयोग उपलब्ध गराइनेछ।

(२२) शिक्षकहरुलाई तालिम, अन्तरक्रिया एवं अनुभव आदान प्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउँदै शिक्षण पद्धतिलाई प्रभावकारी बनाईनेछ ।

(२३) मूल्याङ्कन मापदण्ड बनाई उत्कृष्ट शिक्षक र उत्कृष्ट परिणाम ल्याउने तथा प्रभावकारी व्यावस्थापन गर्ने विधालयहरुलाई पुरस्कृत गरि प्रोत्साहित गरिनेछ ।

(२४) विज्ञान प्रयोगशाला,पुस्तकालय,सन्दर्भ सामाग्री ,विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवं विधार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो बनाउन सहयोग गरिनेछ।

(२५) विधार्थीहरुको स्वास्थउपचार तथा स्वास्थ्य शिक्षाका लागि माध्यमिक विधालयहरुमा एक विद्यालय एक नर्सको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

(२६) कृषि,स्वास्थ्य ,पशुपालन लगायतका विषयहरुको अध्यापनका लागि प्राबिधिक शिक्षा अध्यापन गराउने प्राबिधिक विधालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

(२७) आधारभूत एवं माध्यमिक शिक्षा क्षेत्र संग सम्बन्धित स्थानीय नीति,कानून तथा मापदण्डको निर्माण,योजना तर्जुमा ,कार्यान्वयन,अनुगमन ,मुल्यांकन तथा नियमन गरिनेछ ।

(२८) सामुदायिक तथा संस्थागत विधालयका अभिभावकहरुको सामयिक शैक्षिक चेतना विकासका लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

ख. स्वास्थ्य सम्बन्धी नीतिः

(१) जेष्ठ नागरिक एवं विविध कारणबाट स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको क्षेत्र ,समुदाय र वस्तीहरुमा स्वास्थ्य शिविरहरु संचालन गरि स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलब्ध गराई स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।

(२) सरकारबाट नि:शुल्क उपलब्ध हुने औषधिहरु नगरपालिकाको आवश्यकता अनुसार वर्गीकरण गरी बाह्रै महिना उपलब्ध हुने वातावरण सृजना गरिनेछ ।

(३) नगर अस्पताल तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नति गरिनेछ ।एक वडा एक चिकित्सकको नीति बमोजिम घुम्ति शिविर मार्फत सबै वडामा चिकित्सकको सेवा विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

(४) आधारभुत स्वास्थ्य तथा पोषण सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन तथा नियमन गरिनेछ ।

(५) आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच कायम गर्न आवश्यक आर्थिक, वित्तीय, भौतिक, मानव संसाधन, सेवा प्रवाह सूचना प्रणाली र गुणस्तरीय सेवा सुनिश्चित गर्न नियमन एवम् व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ।

(६) स्वास्थ्य प्रतिको आम धारणामा सुधार गरी शारीरिक, मानसिक, सामाजिक, वातावरणीय, संवेगात्मक तथा आत्मिक पक्षको स्वस्थ्यता हासिल गर्न सम्बन्धित सबै क्षेत्रहरू शिक्षा, कृषि, तथा पशु विकास, खानेपानी, सरसफाइ,

महिला, बालबालिका, शान्ति सुरक्षा तथा व्यवस्थापकीय सरोकारवाला सँग सहकार्य गरी नगरवासीलाई स्वास्थ्य प्रति सम्वेदनशील तथा जिम्मेवार बनाउने नीति लिइनेछ।

(७) स्वास्थ्य समस्याका रूपमा रहेका संक्रामक रोगहरू, नसर्ने तथा दीर्घ रोगहरू, विपद, दुर्घटना तथा पोषणजन्य समस्याहरूबाट हुन सक्ने स्वास्थ्य संकटको सामना गर्न आवश्यक योजना तथा संयन्त्रको विकास र परिचालन गरी उत्थानशीलता अभिवृद्धि गरिनेछ।

(८) स्वास्थ्य प्रणाली तथा सेवाका लक्ष्यहरू हासिल गर्न सेवा प्रदायक सस्था पदाधिकारी एवम् महिला स्वास्थ्य स्वयं सेविकाहरूको जवाफदेहीता अभिवृद्धि र प्रविधि प्रयोगमा निपुणता ल्याउन क्षमता विकास र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका अवकाश हुँदा नगद सहित सम्मान गर्ने नीतिलाई प्राथमिकता दिइनेछ।

(९) आधारभूत स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाहरूमा विस्तार गर्दै स्वास्थ्य सेवा सुधार गर्न संघ, प्रदेश र अन्य निकायहरूसँग प्रभावकारी समन्वय गरिनेछ।

(१०) स्वास्थ्य सूचना प्रणाली, सर्भिलेन्स, जनस्वास्थ्य निगरानी, फर्माको भिजिलेन्स, उपभोक्ता स्वास्थ्य जस्ता जनस्वास्थ्यका नवीन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(११) नगरवासीहरुको स्वास्थ्य प्रवर्द्धनका लागि विशेषज्ञ सहितको जनस्वास्थ्य स्क्रिनिङ्ग अभियान, स्वास्थ्य शिविर, सामाजिक सुरक्षा तथा स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(१२) विपन्न तथा लक्षित समूह स्वास्थ्य विमालाई प्राथमिकताका साथ सञ्चालन गरी नियमित रुपमा वचत गर्न आम नगरवासीहरुलाई प्रोत्साहन गरिनेछ।

(१३) बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग निदान नियन्त्रण तथा अत्यावश्यक औषधि उपचारको पहुँचमा जोड दिदै स्वस्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड सुनिश्चित गरिनेछ।

(१४) पूर्ण खोप सुनिश्चितता र दिगोपना, वाल वचाउ, अपाङ्गता न्यूनीकरण, खोप, पोषण तथा विरामी व्यवस्थापन कार्यक्रमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न सुरू गरिनेछ।

(१५) अर्जुनधारा नगर अस्पतालबाट प्रदान गरिने सेवा विस्तार गर्दै अपरेशन सेवा गुणस्तरीय तथा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

(१६) स्वास्थ्यका लागि वहुक्षेत्रीय पोषण, मातृ तथा नवशिशु स्वास्थ्य सुधार, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्ययक्रम, परिवार योजना, प्रजनन रुग्णता कार्यक्रम, रोग नियन्त्रण सेवाहरुलाई सुधार गरिनेछ।

(१७) शनिश्चरे अस्पतालको स्वास्थ्य सेवालाई बढोत्तरी गर्दै सर्जरी सेवाको सुरुवात,व्यावस्थापन तथा प्रभावकारीताका लागि आवश्यक पर्ने जनशक्ति,औषधिजन्य सामाग्रीहरु तथा आधुनिक प्रबिधिमैत्रि औजार उपकरणको व्यवस्थाका लागि कार्यप्रक्रिया अगाडि वढाइनेछ ।

(१८) शनिश्चरे अस्पताल नगरको एक मात्र अस्पताल भएकोले सो को भौतिक पुर्बाधार निर्माण,मर्मत तथा रङरोगनका लागि आवश्यक बजेटको व्यावस्थापन गरिनेछ ।

(१९) नागरिक आरोग्य केन्द्र सञ्चालन, योग, ध्यान, आयुर्वेद उपचार पद्धतिलाई प्राथमिकता दिई आरोग्यता तथा स्वास्थ्य प्रवर्धनका कृयाकलापहरु सञ्चालन गरिनेछ।

(२०) पञ्चकर्म, पूर्वकर्म सेवालाई सुदृढिकरण र विस्तार गरिनेछ । आयुर्वेद विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

(२१) समुदायमा आधारित नसर्ने रोग नियन्त्रण कार्यक्रम (मधुमेह र उच्च रक्तचापको जाँच तथा लेखाजोखा) लाई आवश्यक सुधार गरी निरन्तरता दिइनेछ।

(२२) आङ खस्ने रोग लागेका विपन्न महिलाहरुलाई उपचारको लागि शिविर सञ्चालन तथा प्रेषण गरी उपचार सहयोग गर्ने व्यवस्था गरिनेछ।

(२३) आकस्मिक स्वास्थ्य संकट तथा विपद्को सामना गर्ने संयन्त्रको व्यवस्था गरी विपद् सामनाको तयारी गरिनेछ।

(२४) ल्याब नभएका स्वास्थ्य संस्थाहरूमा क्रमश ल्याब स्थापना गर्दै लगिनेछ।

(२५) पोषण सम्बन्धि कृयाकलापहरु नगर भरी नै गर्भवती तथा सुनौला १००० दिनका आमाहरु लक्षित गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ।

(२६) निःशुल्क र सुरक्षित प्रसुति सेवा विस्तार गरी प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।

(२७) उपमेयरसंग आमाशिशु कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ग. लक्षित बर्ग सम्बन्धी नीतिः

(१) सीप विकास तथा उधमशिलता तालिमबाट रोजगारी,स्वरोजगारी तथा आयआर्जनका अवसरहरु सृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सबल र सक्षम बनाईनेछ ।

(२) लैङ्गिक उत्तरदायी बजेट र परीक्षण प्रणाली अवलम्वन गरिनेछ ।

(३) विपन्न नागरिक, आर्थिक अवस्था दयनीय भएका वर्गहरूका लागि जीवन उपयोगी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(४) बिभिन्न जात जाति वर्ण तथा समुदायको पहिचान स्थापित गर्न तथा हकहितका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(५) लक्षित वर्गहरूको उत्थान र सशक्तिकरणको लागि सीप तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(६) विधालय,संचार क्षेत्र लगायत अन्य सरोकारवालाहरुसंग समन्वय गरि बालबालिका तथा किशोर किशोरी माथि हुने दुर्व्यवहार,हिंसा, भेदभाव, बालशोषण, बालश्रम बेचबिखनको अन्त्य गरिनेछ ।

(७) बाल सहभागिता,बालबिकास, बाल बचाउ, बाल संरक्षणका लागि नगरपालिका लगायतका सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरि सोही अनुरुप बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत विकास गरिनेछ ।

(८) जेष्ठ नागरिकका ज्ञान सिप र अनुभवहरु नीति निर्माणमा उपयोगी हुने र भावी पुस्ताहरुका लागि मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण सृजना गरिनेछ ।

(९) जेष्ठ नागरिक सम्मान कार्यक्रम ,नि:शुल्क स्वास्थ्य विमा स्वास्थ्य जाँच लगायत संविधान र अन्य कानुनहरुमा भएका प्रावधानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(१०) सीप विकास एवं उधमशीलता तालिम कार्यक्रमहरु संचालन गरि दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवं आयआर्जनका अवसरहरु सृजना गर्न सहयोग गरिनेछ ।

(११) दलितहरुको परम्परागत सीप र दक्षताको उपयोग गरिनेछ ।

(१२) नगरपालिकालाई छुवाछुत मुक्त बनाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

घ. युवा, खेलकुद तथा सामाजिक परिचालन सम्बन्धी नीति

(१) क्षमता अभिवृद्धि कार्यक्रम मार्फत युवा उधमशीलता तथा स्वरोजगारीमा अभिवृद्धि गरिनेछ ।

(२) स्थानीय योजना तर्जुमा,कार्यान्वयन तथा नतिजा मापन प्रक्रियामा युवाहरुको संलग्नता वृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।

(३) नगरपालिकाको खेल मैदानहरू निर्माण तथा स्तरोन्नती गरी खेलकुदको विकास गर्दै लगिनेछ।राष्ट्रिय,अन्तर्राष्ट्रिय खेलाडी र अन्तर नगरपालिकास्तरीय खेलका बिजेता खेलाडीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

(४) खेलकुदलाई मनोरञ्जन, स्वस्थ जीवन प्रवर्द्धन र व्यवसायिक खेलाडी विकास कार्यमा प्राथमिकता तोकी खेलाडी र प्रतियोगिता छनोट गरी सञ्चालन गरिनेछ।

(५) खेलकुद विकास समिति मार्फत खेल गतिविधिहरू नगरको कार्यतालिका बनाई सञ्चालन गरिनेछ।

(६) टोल विकास संस्थाको क्षमता विसका गर्दै लगिनेछ।प्रत्येक वडाबाट टोल विकास संस्थासँग परियोजना माग गरी प्रत्येक वडाको उत्कृष्ट परियोजना पेश गर्ने एउटा टोल विकास संस्थालाई परियोजना सञ्चालन गर्न बजेट व्यवस्था गरिनेछ।दुर्व्यसनी नियन्त्रका लागि कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ।

(७) युवाहरुलाई दुर्व्यसनीबाट बचाउन चेतनामुलक कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ। युवाहरुलाई टोल विकास लगायतको रचनात्मक काममा परिचालन गरिनेछ।

(८) दलित, आदिवासी जनजाति, महिला, बिपन्न, पिछडा वर्ग, सिमान्तकृत र अन्य समुदायका ईच्छुक युवाहरुलाई लोक सेवा आयोग, शिक्षक सेवा आयोग लगायत प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन गरी सशक्तिकरण गर्ने नीति लिईनेछ ।

(९) युवाहरुलाई रोजगारीका अवसर सृजना गर्ने कार्यक्रमको छनौट गरी खेलकुद युवा शसक्तिकरण लगायतमा जोड दिइ वैदेशिक रोजगारमा जाने कार्य निरुत्साहित गर्दै लगिनेछ।

(१०) युवा स्वयंसेवक परिचालनलाई व्यवस्थित बनाई परिचालन गरिनेछ।

(११) युवाहरुलाई शिक्षा, परामर्श र खेलकुद गतिविधिको माध्यमबाट गुणस्तरीय मानव पूँजीको रुपमा विकास गर्न प्रतियोगिताहरू सञ्चालनको व्यवस्था मिलाईनेछ।

(१२) विपद् जोखिम न्यूनिकरणको लागि पूर्व तयारी लगायतका क्रियाकलापहरुको व्यवस्थित कार्ययोजना बनाई वातावरण मैत्री स्थानीय शासन अवलम्वन गर्न टोल विकास संस्थाहरु तथा अन्य सामाजिक संस्थाहरुलाई परिचालन गरिनेछ।

(१३) लागुऔषध दुर्व्यसन न्यून गर्न सचेतना तथा नियन्त्रणका लागि विद्यालय तथा समुदायस्तरमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(१४) युवाहरूका लागि प्राविधिक तथा व्यावसायिक सीप विकासमा पहुँच, गुणस्तर सुधार र सीप परीक्षण सम्बन्धी सचेतना र सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(१५) युवाहहरुको शारीरिक र मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउँदै खेल संस्कृतिको विकास गरिनेछ ।

(१६) खेलकुद विकासका लागि आवश्यक पुर्वाधारहरु विधालय, वस्ति,वडा तथा नगरपालिकास्तरीय निर्माण गरिनेछ ।

ङ. सामाजिक संघ संस्था तथा गैर सरकारी संस्था परिचालन सम्बन्धी नीति

(१) अर्जुनधारा नगर क्षेत्रभित्र कार्यरत गैरसरकारी संस्थाले योजना तथा कार्यक्रम तय गर्दा नगरपलिकाको आवश्यकताका आधारमा दोहोरो नपर्ने गरी नगरपलिकासँग समन्वय गरी कार्यक्रम/ परियोजना छनौट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

(२) गैर सरकारी संस्थाले गरेका कामको सघन अनुगमन गरी राम्रो काम गर्ने संस्थालाई मात्र कार्यक्रम/ परियोजना सञ्चालन/ कार्यान्वयनको अनुमति/ नविकरण गर्दै लगिनेछ।

(३) गैर सरकारी संस्थाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन अनिवार्य रुपमा नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ।

(४) विकास साझेदार संस्थाले नगर क्षेत्रभित्र योजना कार्यक्रम छनौट गर्दा नगरपालिकाले स्वीकृत गरेका आवधिक योजनाबाट छनैट गरी सञ्चालन गर्नु पर्ने नीति लिइनेछ।

(५) नगरपालिकाको नीति तथा कार्यक्रम अनुरुप कार्यक्रम संचालनका लागि सामाजिक संघ संस्थालाई प्रेरित गरिनेछ ।

च. सामुदायिक वन परिचालन सम्बन्धी नीति

(१) सहभागितामूलक,समावेशी पद्धतिमा आधारित अवधारणा बमोजिम नगरपालिकास्तरीय वन तथा जैविक विविधता कार्यक्रम संचालन गरिनेछ

(२) सामुदायिक वनको जैविक विविधतालाई पर्यटनसँग जोडेर आयमुलक बनाउँदै लगिनेछ ।

(३) वन उपभोक्ता समूह तथा सहकारीको साझेदारी मार्फत गैह्रकाष्ठ वन पैदावर संकलन ,प्रशोधन तथा विक्रिवितरण गरि रोजगारी एवं आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

(४) नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक वनले अनिवार्य दायित्व भित्र पर्ने सेवामुलक योजना तथा कार्यक्रम छनौट गर्दा नगरपालिकासँग समन्वय र सहकार्य गरेर मात्र छनौट गर्नु पर्ने व्यवस्था मिलाइनेछ।

(५) नगरपालिकाले आवश्यकता पहिचान गरिएका क्षेत्रलाई लक्षित गरी (आयआर्जन, रोजगारी सृजना, दुर्व्यसनी रोकथाम नियन्त्रण तथा उधम विकास जस्ता क्षेत्रमा मात्र ) सामुदायिक वनले कार्यक्रम छनौटमा प्राथमिकता दिनु पर्ने नीति लिइनेछ ।

(६) नगरपालिकाले सामुदायिक वन क्षेत्रमा कुनै पनि आयोजना सञ्चालन गर्नु परेमा वनको कार्ययोजनामा समावेश भएका आयोजना मात्र सञ्चालन गरिनेछ।

(७) सामुदायिक वनको विकासमा विपन्न महिला दलितको सहभागिता बढाउँदै लगिनेछ ।

(८) वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वन उपभोक्ता समूह र वडा कार्यालयको समन्वय र सहकार्यमा वन संरक्षण, व्यवस्थापन तथा दिगो विकास मार्फत गरिबी न्यूनीकरण गर्ने नीति लिइनेछ।

(९) वन संरक्षण तथा दिगो बिकासका लागि सामुदायिक वन र नगरको सहकार्यमा कामहरू गर्दै गरिबि निवारण र रोजगारीको श्रृजनामा सामुदायिक वनको भूमिकालाई प्रभावकारी बनाइनेछ।

(१०) सामुदायिक वनहरूलाई संरक्षण सम्वर्द्धन गर्दै उनीहरूको संस्थागत सुशासन बृद्धि गर्न सहयोग गरिनेछ।

छ. भाषा तथा संस्कृति संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति

(१) नगरक्षेत्र भित्रका जातजाती, भाषा, संस्कृति, कला, साहित्य,लगायतका विशिष्ट पहिचान दिने सँस्कृतिहरुको पहिचान, संरक्षण र संवर्द्धन गर्न अन्तर सांस्कृतिक संग्रालय निर्माणकार्य अगाडी बढाइनेछ।

(२) अर्जुनधारानगरक्षेत्र भित्र रहेका धार्मिक र सांस्कृतिक आस्थाका केन्द्रहरुको संरक्षण गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ। स्थानीय संस्कृति संरक्षण र सांस्कृतिक सहिष्णुताको वातावरण कायम राख्न कार्यक्रम सञ्चालन गरिनेछ।

(३) अर्जुनधारा नगरपालिकालाई लैङ्गिक, भाषिक, सांस्कृतिक, जातीय भेदभावमुक्त नगरपालिका बनाउन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(४) अर्जुनधारानगरपालिकामा हुने मेला महोत्सवमा स्थानीय संस्कृति तथा रहनसहन झल्किने क्रियाकलापहरूलाई प्रोत्साहन गरिनेछ।

(५) अर्जुनधारा नगरपालिकामा बोलिने सबै भाषाहरुको खोजि गरिनेछ ।

(६) भाषाभाषीहरुको संरक्षणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

ज. खानेपानी सम्बन्धी नीति

(१) पानीका मुहानहरु संरक्षण गरी दिगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा उपभोक्ता समिति बनाई मुहान वरिपरि सरसफाइ तथा वृक्षारोपण गरिनेछ ।

(२) नगरवासीहरुलाई स्वच्छ खानेपानीको दीगो व्यवस्थापन गर्न नयाँ खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन र सञ्चालनमा आएका आयोजनाहरुको मुहान संरक्षण, नियमित मर्मत संभार गरी उपभोक्ताको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाईनेछ।

(३) नगरपालिका भित्रका सवै खानेपानीका मुहानहरु दर्ता गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(४) नगरबासीमा शुद्ध खानेपानीको लागि गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिनेछ।

(५) खानेपानीको मूहान संरक्षण गर्न मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ।

(६) पानीको स्रोत र मुहान संरक्षण गर्न समुदाय सचेतना र परिचालन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(७) परम्परागत पानीका श्रोतहरुको संरक्षण र दिगो व्यवास्थापन गर्दै थप सुबिधा उपभोगका लागि विशेष जोड दिइनेछ ।

(८) एकघर एकधारा र एक शौचालयको नीति अवलम्वन गरिनेछ ।

(९) अति विपन्न एवं सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा खानेपानि र चर्पी निर्माणलाई व्यवस्थित गर्दै लगिनेछ ।

(१०) दिगो,स्वच्छ,शुद्ध र सफा खानेपानिको सर्वसुलभ तथा उचित व्यावस्थापनका लागि संभाव्यता अध्ययन सहित दीर्घकालिन योजना बनाई कार्यक्रम संचालन गरिनेछ ।

झ. महिला बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति

(१) महिला संगठन, समूह तथा संजालहरुको विकास, विस्तार र सशक्तिकरण गर्दै यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सबै क्षेत्रमा गराइनेछ ।

(२) लैङ्गिक हिंसा पीडित महिलाहरुको संरक्षणका लागि अल्पकालिन वा दीर्घकालिन सेवा केन्द्रहरु स्थापना गर्दै मनोसामाजिक विचार विमर्श एवं कानुनी सहायता उपलब्ध गराइनेछ ।

(३) महिलाहरुलाई स्रोत, साधन, अवसर तथा लाभमा समान पँहुच सुनिश्चित गर्न जोड दिइनेछ।

(४) हिंसा प्रभावित व्यक्तिका लागि लैङ्गिक हिंसा निवारण कोष सहायता संचालन गरिनेछ ।

(५) जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाइ अग्रजको अनुभव नयाँ पुस्तामा हस्तान्तरण कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ।

(६) जेष्ठ नागरिकहरु दिवा भेला केन्द्रहरु सञ्चालन गर्न सहयोग गरिनेछ।

(७) सबै वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने प्रक्रिया क्रमशःअगाडि बढाइनेछ।

(८) अपाङ्गता भएका व्यक्ति र परिवारको क्षमता विकासकालागि तालिम र सहायताका कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछ।

(९) सार्वजनिक स्थलहरू अपाङ्गतामैत्री बनाउदै लगिनेछ।

(१०) बालबालिका र किशोरकिशोरी हिंसा तथा जोखिम न्युनिकरणका लागि जीवनोपयोगी शिक्षा एवं सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(११) सबै प्रकारको हिंसामा शुन्य सहनशीलताको नीति लिइनेछ।

(१२) बालविवाह मुक्त नगरपालिका घोषणा र दिगोपनाका लागि समुदाय र विद्यालय स्तरमा थप सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

(१३) सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधनलाई न्यायोचित वितरणको व्यवस्था गर्ने नीति लिईनेछ।

(१४) नगरक्षेत्रका ज्येष्ठ नागरिक, अशक्त, अपांगता, कडा रोगले पीडित भएका मानिसहरुलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ।

(१५) सामाजिक सुरक्षा, संरक्षण, सशक्तिकरण एवं समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(१६) बालबालिकाको हक अधिकार सुनिश्चित गर्न पूर्वाधार तयार गरी बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(१७) वालक्लव संजालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने वाल प्रतिनिधित्वलाई प्रभावकारी बनाईनेछ ।

(१८) जेष्ठ नागरिकलाई परिवार भित्रै सम्मानपूर्वक रहन सक्ने वनाउन आवश्यक नीति बनाईनेछ ।

(१९) प्रदेश सरकारसँगको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

ञ. सामाजिक सुरक्षा सम्बन्धी नीति

(१) मौलिक हकको रुपमा रहेको सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधनलाई न्यायोचित वितरणको व्यवस्था गर्ने नीति लिईनेछ।

(२) व्यक्तिगत घटना दर्तालाई सहज बनाउन थप प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

७. विपद् व्यवस्थापन सम्बन्धी नीति

(१) विपद् व्यावस्थापन तथा जलवायु अनुकुलन सम्बन्धि स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन अनुगमन तथा नियमन गरिनेछ ।

(२) आपतकालिन व्यावस्थानपनका लागि प्रत्येक वस्तीहरुमा एक निश्चित खुला क्षेत्रको व्यवस्था गरिनेछ ।

(३) सबै सरोकारवालाहरु रहेको विपद व्यावस्थापन समिति नगरपालिकास्तरमा गठन गरिनेछ ।

(४) स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ। अर्जुनधारानगरपालिका क्षेत्र भित्र विपद् जोखिम क्षेत्रहरुको पहिचान गरी न्यूनिकरणका उपयाहरु अवलम्वन गरिनेछ।

(५) नगरपालिकामा आइपर्ने विपद्लाई तत्काल तथा नियमित रुपमा समाधान गर्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Centre) को स्थापना कार्यलाई निरन्तरता दिइनेछ। विपद्को पूर्वसूचना तथा आपतकालिन सेवाबारे नगरवासीलाई सुसूचित गरिनेछ।

(६) विपद्बाट हुने क्षति न्यूनिकरण गर्न राहत र उद्धारका लागि नगरको स्थानीय तह प्रकोप व्यवस्थापन कोष स्थापना गरिनेछ।

(७) विपद पूर्व तयारी ,खोज, उद्धार, राहत र पुनस्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।

(८) संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा विपद् प्रभावितहरुको लागि पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

(९) भवन निर्माण संहिता कडाइका साथ पालना गरिनेछ ।

(१०) विपद्बाट प्रभावित व्यक्ति, परिवारको सामाजिक सुरक्षा र संरक्षणको आवश्यक प्रवन्ध गरिनेछ

८. नदी नियन्त्रण तथा भू-संरक्षण सम्बन्धि नीतिः

(१) नदि किनारका जोखिम क्षेत्रमा बाँस,अम्रिसो जस्ता बोटविरुवाहरुको वृक्षारोपण गरि भू-क्षयलाई नियन्त्रण गरिनेछ ।

(२) लाभान्वित समुदायहरुसंगको सहकार्यमा पानी मुहान,सीमसार,पोखरी ,तालतलैया संरक्षण गर्दै जलस्रोतको उपयोग गरिनेछ ।

(३) खोलाले चर्चेको क्षेत्र सिमाङ्कन तथा त्यस्को प्रभाव क्षेत्रलाई जोखिम क्षेत्र कायम गरी बाँकी रहेको र दावी नरहेको जमिनलाई आवश्यक नीति बनाई उपयोगमा ल्याइनेछ।

(४) खोलाबाट हुने बर्षेनी कटान न्यूनिकरण गर्न बायो इन्जिनियरिङ पद्धतीलाई अवलम्बन गरिनेछ।

(५) राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। भूक्षय हुने चुरे क्षेत्रका सामुदायिक वनहरुलाई भू-क्षय रोकथाम तथा नियन्त्रण गर्न मद्दत पुग्ने बिरुवाहरु लगाउन उत्प्रेरित गरिनेछ।

(६) चुरे क्षेत्रका सामुदायिक वनहरुको सवलीकरण गरी वातावरण संरक्षणका लागि सहजिकरण गरिनेछ।

(७) नदी तथा खोला किनारहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

९. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीतिः

(१) वातावरण संरक्षण र जलवायु अनुकुलन सम्बन्धि स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन अनुगमन तथा मुल्यांकन गरिनेछ ।

(२) वातावरण सरसफाइ परिचालन समूह परिचालन गरि वातावरण संरक्षण तथा स्वचछता कायम राखिनेछ ।

(३) नगरपालिकाको चुरे क्षेत्रको सार्वजनिक/ ऐलानी तथा सामुदायिक वनको बाझो जमिनमा चिउरीको बोट रोपिनेछ। यसबाट मौरीपालक कृषकहरुलाई मौरीको आहारामा आपूर्ति हुनेछ।

(४) स्थानीय श्रोत नदिजन्य पदार्थको उत्खनन, संरक्षण र दीगो उपयोगका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा IEE गर्ने व्यवस्था मिलाई सो प्रतिवेदन बमोजिम कार्य गरिनेछ।

(५) जलवायु परिवतर्न न्यूनीकरण र अनुकूलन सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(६) नगरपालिका भित्र सामुदायिक वन क्षेत्र रहेकोले वन क्षेत्रलाई प्रभावकारी रुपमा उपयोग गरी रोजगारी र आयआर्जनमा वृद्धि गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रम पहिचान गरी सञ्चालन गरिनेछ।

(७) वातावरणलाई स्वच्छ र सरसफाइयुक्त बनाउन स्थानीय वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गरिनेछ। फोहोर व्यवस्थापनका लागि श्रोतमै कम गर्न वर्गिकरण,Reduce, Re-use, Recycle को नीति लिइ गुरुयोजना निर्माण गरिनेछ।

(८) जलवायु परिवर्तनको असर कम गर्न क्षमता अभिवृद्धि गर्ने र न्युनिकरण सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। नगरबासीलाई नविकरणीय तथा बैकल्पिक उर्जाको प्रयोग गर्न उत्साहित गरिनेछ।

(९) हरित नगरको अवधारणालाइ अवलम्बन गर्दै सडकको किनाराहरुमा विशेष किसिमका वनस्पति लगाइनेछ। सडक र शहरको सौन्दर्यकरण गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(१०) सार्वजनिक जग्गा तथा खोला किनारहरूका जग्गाहरुमा अभियानको रूपमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

(११) बातावरणमा नकारात्मक असर पर्ने वस्तुहरूमा क्रमशः प्रतिवन्ध लगाइनेछ। प्लाष्टिक झोलाको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ।

(१२) अम्लिसो तथा तेजपत्ता जस्ता उपयोगी वस्तुहरूको उत्पादन क्षेत्र पहिचान गरी उत्पादन र उपयोगितामा बृद्धि गरिनेछ।

(१३) नि:शुल्क श्रम अभियान संचालन तथा व्यावस्थापन समिति मार्फत वातावरण सरसफाई तथा संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिः

(१) वातावरण संरक्षण र फोहोरमैला व्यावस्थापन सम्बन्धि दीर्घकालिन योजना बनाई कार्यान्वयन गरिनेछ ।

(२) मेरो फोहोर मेरो जिम्मेवारी, फोहोरलाई बनाउँ मोहोर भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ। सोको लागि वडा कार्यालयको समन्वयमा टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाइनेछ।

(३) नीजि सार्वजनिक साझेदारीमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिनेछ।

(४) फोहोरमैला लाई वर्गीकरण गर्न लगाउने र फोहोरमैला व्यवस्थापनका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ।

(५) नियमित फोहोरमैला कर तिर्ने घरधुरी र व्यवसायिहरूको मात्र फोहोर संकलन गरिनेछ।

(६) सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कानूनमा भएको व्यवस्था बमोजिम दण्ड जरिवानको व्यवस्था गरिनेछ।

(७) फोहोरमैला व्यवस्थापनमा नगरको नारा अनुरूप कार्य गर्ने उत्कृष्ट टोल बिकास संस्था र वडालाई सम्मान गरिनेछ।

(८) ध्वनि प्रदुषण तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयवासीहरुलाई अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

११. सुशासन तथा संस्थागत क्षमता विकासः

(१) सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना बनाई सो को कार्यान्वयन ,अनुगमन ,मुल्यांकन तथा नियमन गरिनेछ ।

(२) जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि सुझाव पेटिका लगायत सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गरिनेछ ।

(३) सूचना अधिकारी एवं गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ ।

(४) संस्थागत सुशासन कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन सुधारका कार्यहरू सञ्चालन गरिनेछ।

(५) सेवा प्रवाहमा सुधार गर्न आवश्यक नीति, ऐन, कानूनहरुको निर्माण गरी संस्थागत सक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरिनेछ।

(६) सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सेवाग्राही मैत्री तथा प्रभावकारी बनाइनेछ।

(७) विकास कार्यलाई प्रभावकारी बनाउन आवधिक योजना, मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम र वार्षिक बजेटका बीच तादम्यता कायम गरी स्रोतको कुशल र खर्च प्रभावकारिता बढाइनेछ।

(८) आवधिक योजनालाई साझेदार निकायसँगको सहकार्यमा कार्यान्वयन गर्दै लगिनेछ।

(९) सार्वजनिक सम्पतिको तथ्याङ्क अध्यावधिक र संरक्षण गरिनेछ। अनियमितता तथा सरकारी सम्पतिको दुरुपयोग गर्नेलाई कानूनी कार्वाहीको दायरामा ल्याइनेछ।

(१०) आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण प्रणालीलाई प्रभावकारी बनाई बेरूजु न्युनीकरणमा जोड दिइनेछ। भ्रष्टाचारलाई निरुत्साहित गरिनेछ। भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीति अपनाइनेछ।

(११) अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजु कार्ययोजना बनाई फर्छ्यौट गर्दै लगिनेछ।

(१२) तोकिएको समयमा गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायीलाई सम्मान गरिनेछ।

(१३) नगरपालिकाबाट 'घ' वर्गको इजाजत पत्र लिइ नगरपालिका क्षेत्रमा भौतिक निर्माण कार्यको ठेक्का लिएर काममा ढिलसुस्ती गरी समयमा सम्पन्न नगर्ने, गुणस्तरीय काम नगर्नेलाई इजाजत पत्र नविकरण नगर्ने नीति कडाइका साथ कार्यान्वयन गरिनेछ।

(१४) सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन कार्यालयले विद्युतीय शासनको पूर्वाधार तयार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

(१५) नगरका मुख्य चोकहरुमा राखिएको सीसी क्यामेराहरु चुस्त दुरुस्त राखी सुरक्षा तथा सुशासनमा उपयोग गरिनेछ।

(१६) नागरिक समाज र विभिन्न सरकारी निकायहरुको समन्वयमा नागरिक एवं व्यवसायिक सुरक्षाको प्रत्याभुति सहितको शान्त, सुरक्षित र समृद्ध अर्जुनधारानगरको स्थापना गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

(१७) नगरपालिका तथा वडा कार्यालयमा सेवाग्राहीलाई प्रक्रियागत अलमल हुन नदिन नागरिक वडापत्रलाई अध्यावधिक र डिजिटलाइजेसन गरिदै लगिनेछ।

(१८) सेवाग्राहीलाई छिटो, छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्न नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्ष स्थापना गरिनेछ ।

(१९) संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ। छिमेकी पालिकाहरुसँग साझा सरोकारका विषयमा समन्वय, संवाद र सहकार्य नीतिलाई निरन्तरता दिइनेछ।

(२०) उपभोक्ता हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा र औषधि तथा खाद्य बस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

(२१) नगरपालिका क्षेत्र भित्रका खोलाहरुबाट निकालिएको गिटी बालुवा ढुङ्गा कार्यविधिमा उल्लेख भए अनुसार समयमा स्टक क्लियरेन्स गर्ने व्यवस्था मिलाइ नभएका वस्तु जफत गर्न व्यवस्था गरिनेछ।

(२२) नगरपालिका क्षेत्र भित्रका खोलाहरुबाट अनधिकृत रुपमा गिटी बालुवा ढुङ्गा उत्खनन तथा चोरी निकासी गर्न पूर्ण रुपमा निषेध गरिनेछ।

(२३) नगरपालिका भित्र रहेका बिभिन्न क्षेत्रका बिषय बिज्ञहरूको रोष्टर तयार गरिनेछ।

(२४) नगरपालिकाले सम्पादन गरेका कार्यहरुको तथ्याङ्क व्यवस्थापनार्थ एकिकृत सूचना प्रणाली बिकास गरिनेछ ।

(२५) लेखाप्रणालीलाई आइसिटिमा आवद्ध गर्दै आन्तरिक लेखा परिक्षण तथा वित्तिय प्रशासनलाई सक्षम र प्रभावकारी बनाईनेछ ।

(२६) विषयगत समिति एवं न्यायिक समितिको सक्षमता विकास गरि कार्यसम्पादन स्तरमा अभिवृद्धि ल्याइनेछ ।

(२७) डिजिटल नगर प्रोफाइल निर्माणको कार्यलाई प्राथमिकतासाथ अगाडि वढाई सेवाप्रवाह तथा सेवा विस्तारमा वैज्ञानिकरण तथा वस्तुनिष्ठता कायम गरिनेछ ।

१२. न्याय,कानून तथा मानव अधिकार सम्बन्धि नीतिः

(१) न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गर्दै न्यायमा सबैको पहुँच स्थापित गरिनेछ।

(२) न्यायीक कार्य सम्पादनलाई अझ व्यवस्थित मर्यादित गरेर अघि बढाउन सुरू गरिएको इजलासबाट सेवा सुचारू गरिनेछ।

(३) वडामा अवस्थित मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ताको क्षमता विकास गरी मेलमिलाप केन्द्रहरूको सेवा प्रवाहलाई थप व्यवस्थित गर्दै लगिनेछ।

(४) न्यायिक समितिबाट सम्पादन गरिने कार्यहरूलाई सफ्टवेयरको माध्यमबाट सञ्चालन गरी सेवा प्रवाहलाई चुस्त दुरूष्त तथा पारदर्शी बनाइनेछ।

(५) कानुनी सचेतना सम्बन्धी अभिमुखिकरण अभियानको रूपमा समुदायस्तरमा सञ्चालन गरिनेछ।

(६) मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरि अधिकतम मुद्धाहरुको स्थानीय मेलमिलापकेन्द्रबाटै न्यायिक समाधान गरिनेछ ।

१३. राजस्व परिचालन सम्बन्धी नीतिः

(१) राजस्व प्रशासनलाई सक्षम,प्रभावकारी तथा अब्बल बनाई लक्ष्यअनुरुपको राजस्व संकलनका लागि अभिप्रेरित गर्न क्षमता वृद्धि साथै उत्प्रेरणामुलक कार्यक्रम संचालन गरिनेछ ।राजस्व सुधार कार्ययोजना लागु गरिनेछ ।

(२) अर्जुनधारा नगरको समृद्धिमा भरः सचेत भई म आफै तिर्छु कर भन्ने नारालाई सार्थक तुल्याउन कर प्रशासनलाई प्रविधिमैत्री, चुस्त दुरुस्त र करदातामैत्री बनाइदै लगिनेछ।

(३) QR कोड तथा इ-सेवा प्रयोग गरी मोवाइल वालेटबाट कर तिर्नसक्ने गरी व्यवस्था मिलाइनेछ। करलाई अनिवार्य दायित्व मानी स्वच्छिक रुपमा कर तिर्न प्रोत्साहित गरिनेछ।

(४) करको दरलाई समयानुकुल सम्भव भएसम्म न्युनतम गर्दै करको दायरा फराकिलो बनाउँदै लगिनेछ। आन्तरिक आयमा बृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। राजश्वका बैकल्पिक श्रोतको खोजी गरिनेछ।

(५) नगरपालिका क्षेत्र भित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइनेछ।

(६) राजश्व वृद्धि गर्ने कार्ययोजनालाई पूर्णता दिई राजश्व वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(७) घर नक्सा पास राजस्व तथा घर बहाल करलाई अनिवार्य गर्न वडा कार्यालयहरूसँग समन्वय गरी घरधनी र वहालमा रहने व्यवसायीहरूको व्यवसाय दर्ता लगायतका अन्य आवश्यक कार्य गर्दा घर नक्सा पास माग गरि अभिलेखिकरण गरिनेछ।

सभाध्यक्षज्यू,

अब म माथि उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि आगामी आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाको श्रोतबाट गरिएको बजेट विनियोजन तथा स्रोत व्यवस्थापन सम्बन्धि विवरण पेश गर्दछु ।

क्षेत्रगत विनियोजन,

१६. आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि कुल खर्च रु ९१ करोड ५९ लाख १० हजार विनियोजन गरिएको छ । समपुरक कोषका लागि रु २ करोड ५० लाख, साझेदारी कार्यक्रमका लागि १ करोड ८० लाख विनियोजन गरिएको छ ।वडा समितिले छनौट गरेका वडास्तरीय कार्यक्रमहरु सञ्चालनका लागि रु ९ करोड ९० लाख विनियोजन गरिएको छ ।

१७. समपुरक कोष, साझेदारी कोष, प्रस्तावनामा आधारित कार्यक्रम, विपद् व्यवस्थापन कोष, संघसंस्था प्रवर्द्धन कार्यक्रम तथा जहाँ अभर त्यहाँ नगर कार्यक्रम सञ्चालनका लागि रु २ करोड १५ लाख विनियोजन गरिएको छ ।

१८. शिक्षा, स्वास्थ्य, आयुर्वेद, सामाजिक विकासका अन्य क्षेत्रहरुमा कार्यक्रम सञ्चालनक लागि रु ५ करोड ९३ लाख, आर्थिक विकासका क्षेत्रहरु कृषि, पशुपालन तथा पर्यटन क्षेत्रको विकासका लागि लागि रु २ करोड ५ लाख , वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमका लागि रु १ करोड ५० लाख, सुशासन तथा संस्थागत विकास सम्बन्धि कार्यक्रमहरुका लागि रु ७० लाख तथा भुमि व्यवस्थापन सम्बन्धि कार्यक्रमहरुका लागि रु ४५ लाख विनियोजन गरिएको छ ।

१९. नगरपालिकाको आन्तरिक प्रशासनिक खर्च तथा सेवा व्यवस्थापनका लागि रु १२ करोड ५५ लाख विनियोजन गरिएको छ ।

**स्रोत व्यवस्थापन**

२०. आगामी आर्थिक वर्ष २०८१/०८२ मा खर्च गरिने श्रोत व्यवस्थापनका लागि नेपाल सरकारबाट सशर्त कार्यक्रम बापत रु ३८ करोड १२ लाख ८० हजार, वित्तीय हस्तान्तरण रु १७ करोड ५ लाख, विशेष अनुदान रु ७० लाख ,

समपुरक अनुदान रु १ करोड ४० लाख, राजश्व बाँडफाँड बापत रु १२ करोड ९५ लाख तथा जनसहभागिता बापत रु २ करोड प्राप्त अनुमान गरिएको हछ।

त्यस्तै, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण बापत रु १ करोड ९ लाख १८ हजार, सवारी कर बाँडफाँड बापत रु १ करोड ६६ लाख ५० हजार, मालपोत रजिष्ट्रेशन बाँडफाँड बापत रु ४ करोड ५० लाख, सशर्त अनुदान र २ करोड ३० लाख ६२ हजार, समपुरक अनुदान रु १ करोड ३० लाख प्राप्त हुनेछ । नगरपालिकाबाट रु ८ करोड ५० लाख आन्तरिक आय संकलन गरिनेछ ।

२१. नगरपालिका भित्र विकास निर्माणका परियोजना भित्र्याउन तथा आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन, रचनात्मक सहयोग तथा सुझाव दिनुहुने प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने माननीय प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यज्यूहरु, आम नगरवासी, , निजी क्षेत्र, संघसंस्था, सञ्चार जगत्, राजनैतिक दलहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२२. आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमाका लागि अनवरत ढंगले निरन्तर सहयोग गर्नुहुने सबै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२३. आम नगरवासीको समृद्धि, विकास तथा साझा हीतको प्रवर्द्धनको निम्नि प्रस्तुत बजेट कार्यान्वयनको लागि सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुनेछ भन्न विश्वास लिएको छु ।

**धन्यवाद**

**प्रस्तुतकर्ताः** उप प्रमुख तथा बजेट तथा कार्यक्रम समितिका संयोजक श्री खड्गमाया पराजुली
**मिति** २०८१/०३/१० गते
**स्थानः** नगर कार्यपालिकाको कार्यालयको सभाहल